

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०४९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २ गते मंगलबार ❑ 18 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## डिजल भण्डारण गृह निर्माणले ऊर्जा सुरक्षा सुनिश्चित गरेको छ : मन्त्री रिजाल

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले पोखरामा इन्धन भण्डारण गृह निर्माणले मुलुकको ऊर्जा पूर्वाधारलाई सुदृढ गर्दै राष्ट्रको ऊर्जा सुरक्षा सुनश्चित गरेको बताउनुभएको छ।

कास्कीको पोखरा महानगरपालिका वडा नं २९ र ३० गगनगौँडामा नेपाल आयल निगमले निर्माण गरेको डिजल भण्डारण गृहको आज उद्घाटन गर्दै मन्त्री रिजालले यस डिपोमा विस्तारित भण्डारण क्षमताबाट अन्य क्षेत्रले पनि फाइदा लिन सक्ने बताउनुभयो। निगमले उक्त स्थानमा निर्माण गरेको १० हजार किलोलिटर क्षमताका दुई वटा डिजल भण्डारण र २४ हजार किलोलिटर क्षमताको पानीट्याङ्कीको आज उद्घाटन गरिएको हो। निगमले करिब रु ८९ करोड लगानीमा उक्त भण्डारण गृह निर्माण गरेको जानकारी दिएको छ । "नेपाल आयल निगमले निर्माण गरेको यस डिजल भण्डारण गृह निर्माणले यस क्षेत्र तथा परिआएको अवस्थामा देशका अन्य क्षेत्रका लागि समेत थप भरपर्दो आपूर्ति शृ ला सुनिश्चित गर्न र उच्च माग वा अप्रत्याशित परिस्थितिमा



इन्धन अभावको जोखिमलाई कम गर्न सक्छ", मन्त्री रिजालले भन्नुभयो । उहाँले इन्धन भण्डारण गृह निर्माणले ऊर्जा पूर्वाधार विकास तथा देशको उड्डयन क्षेत्रलाई थप प्रगतिको पथमा अघि बढाउने एउटा महत्वपूर्ण घडीको सुरुआत भएको बताउनुभयो । यसका लागि परियोजना निर्माणमा संलग्न सबैलाई मन्त्री रिजालले धन्यवाद दिनुभयो। "हालैका वर्षमा नेपालको आन्तरिक र अन्तर्राष्ट्रियरूपमा हवाई यात्रामा वृद्धि हुँदै गइरहेको अवस्था छ । मनमोहक हिमाल र शान्त तालको बीचमा रहेको सुन्दर नगरी पोखरा पर्यटकीय गन्तव्य बन्दै गएकोमा हवाई यात्राको बढ्दो मागलाई समायोजन गर्न निर्माण हुने हवाई इन्धन डिपोले थप सहजता ल्याउने छ", उहाँले भन्नुभयो, "डिपो सञ्चालन पश्चात निगमले उड्डयन उद्योगलाई विश्वस्तरीय हवाई इन्धन र रिफ्युलिङ सुविधाहरू उपलब्ध गराउनेमा विश्वास लिएको छु।"

यस हवाई इन्धन डिपोको निर्माण तथा सञ्चालनले पोखरालाई मात्र नभई सिङ्गो राष्ट्रलाई नै फाइदा पुग्ने उहाँको भनाइ छ। यसले पर्यटन प्रवर्द्धन र आर्थिक वृद्धिलाई समेत प्रोत्साहन गर्ने भन्दै उहाँले देशको सामाजिक-आर्थिक विकासमा थप योगदान पुऱ्याउने भनाइ व्यक्त गर्नुभयो ।

"हवाई इन्धन तथा अन्य पेट्रोलियम पदार्थको सहज र निर्बाध आपूर्ति सुनिश्चित गर्न, हवाई इन्धनको सहज आपूर्ति व्यवस्थापन गर्न र समयसापेक्ष पूर्वाधारहरूको विकास गर्ने कार्यमा नेपाल सरकार र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट निगमलाई सदैव सहयोग हुने व्यहोरा जानकारी गराउँदछु", उहाँले भन्नुभयो ।

पेट्रोलियम ऊर्जामा पहुँच अभिवृद्धि कार्यले औद्योगिक विकासलाई अगाडि बढाउन, नागरिकहरूको जीवनस्तर सुधार गर्न तथा नवप्रवर्तन र अवसरको वातावरण बनाउन अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँले धारणा राख्नुभयो। उहाँले भण्डारण ट्याङ्कहरू डिजाइन र निर्माणमा आधुनिक प्रविधिहरू र उत्कृष्ट अभ्यासको समावेशले निगमको वितरण प्रणालीमा थप चुस्तता ल्याई कार्यसम्पादन सहज हुने विश्वास लिएको बताउनुभयो ।

नव निर्मित ट्याङ्कहरूमा जडित उच्च सुरक्षा मापदण्डहरू, स्वचालित नियन्त्रण उपायहरू र प्रभावकारी निगरानी प्रणालीहरूले इन्धनको भण्डारण र वितरणलाई सहज बनाउने उहाँको विश्वास छ । "पोखरा डिपोमा निर्मित यी इन्धन भण्डारण ट्याङ्कीले नेपालको ऊर्जा सुरक्षा, आर्थिक वृद्धि र दिगो विकासतर्फको यात्रामा महत्त्वपूर्ण योगदान दिन सफल रहोस्", मन्त्री रिजालले भन्नुभयो, "पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई इन्धन डिपो समयमै निर्माण सम्पन्न गर्न सबै सरोकारवालाहरूको ध्यान पुगोस ।"

## असारसम्ममा गण्डकीमा ६७ प्रतिशत रोपाइँ

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

रोपाइँ हुने मुख्य महिना असारसम्ममा गण्डकी प्रदेशमा ६७ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ।

प्रदेशको कृषि विकास निर्देशनालयले तयार पारेको असार २९ सम्मको तथ्याङ्कअनुसार ६५ हजार दुई सय ७६ हेक्टरमा रोपाइँ भएको हो । असार १ सम्मा तीन प्रतिशत, असार १५ भित्रमा १८ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएकामा असार अन्तिमसम्ममा ६७ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको हो । हालसम्म सबैभन्दा बढी नवलपुरमा ८५ प्रतिशत र सबैभन्दा कम म्याग्दीमा ४० प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको निर्देशनालयका कृषि प्रसार अधिकृत दीपा तिमिल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार कास्कीमा ८०, स्याङ्जामा ५०, पर्वतमा ६५, बागलुङमा ६५, तनहुँमा ६८, गोरखामा ५० र लमजुङमा ६५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ । जिल्लाबाट आएको तथ्याङ्कलाई विश्लेषण गरेर निर्देशनालयले हरेक शुक्रबार रोपाइँको प्रदेशगत तथ्याङ्क तयार पार्ने गरेको कृषि प्रसार अधिकृत तिमिल्सिनाले बताउनुभयो ।

हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धान खेती हुँदै आएको छ । प्रदेशको कूल चार लाख ७९ हजार छ सय १७ खेतीयोग्य जमिनमध्ये यो वर्ष ९७ हजार आठ सय ९१ हेक्टरमा वर्षे धान लगाइने अनुमान निर्देशनालयको छ । गत वर्ष एक लाख चार हजार छ सय २३ हेक्टरमा वर्षे धान खेती गरिएको थियो । गोरखाको छेबेटार, पालुङटार, आरुघोटा सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँमा चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाडीखोला, पामे, लेखनाथ, पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायत धानका प्रमुख पकेट क्षेत्र हुन् । गण्डकी प्रदेशका किसानले सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनसुली, सुनौलो सुगन्धलगायत जातका धानको खेती गर्दै आएका छन् । निर्देशनालयको तथ्याङ्कअनुसार गण्डकी प्रदेशमा धान खेतीको क्षेत्रफल बर्सेनि घट्दै गएको देखिन्छ । 'प्लटिङ', तीव्र बजारीकरण, ठूल्ठूला भौतिक निर्माण आदिका कारण खेतीयोग्य जग्गा खुम्चिँदै गएको हो ।

जग्गा बाँझिने क्रम पनि बढ्दै गएको छ । धान कम फल्नुमा क्षेत्रफल घट्नु मुख्य कारण भए पनि अन्य कुराले पनि उत्पादनमा प्रभाव पार्ने गरेको छ । बेलैमा मल, बीउ नपाइँदा पनि धान खेतीमा असर पर्ने गरेको किसान बताउँछन् । धानमा फूल खेल्ने समयमा बर्सात हुँदा पनि उत्पादनमा क्षति पुग्ने गरेको छ । रोग कीरा नियन्त्रण, उन्नत बीउ, मल व्यवस्थापनमा किसानले सधैँ समस्या बेहोर्दै आएका छन् ।

## सार्वजनिक यातायातको भाडादर घट्यो

**रासस**
काठमाडौं, १ साउन

पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू भएलगत्तै सार्वजनिक यातायातको भाडा झन्डै तीन प्रतिशत घटेको छ।

स्वचालित प्रणालीले डिजेल र पेट्रोलको मूल्य घटाएलगत्तै यातायात व्यवस्था विभागले पनि सोही आधारमा भाडा समायोजन गरेको हो। स्वचालित प्रणालीअनुसार डिजेलमा रु चार र पेट्रोलमा प्रतिलिटर रु छ घटेको छ । त्यसैलाई आधार बनाएर यातायात व्यवस्था विभागले यात्रुबाहक सवारीसाधनमा दुई दशमलव १३ प्रतिशत, मालबाहक सवारीमा पहाडमा दुई दशमलव ७८ र तराईमा तीन दशमलव ०९ प्रतिशतले भाडा घटाएको विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । घटाएको भाडादर आजैदेखि लागू हुने विभागले जनाएको छ । नयाँ भाडादर लागू भए/नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरी महाशाखाले गर्नेछन् । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले भाडा समायोजनसम्बन्धी कार्यविधिमा भएको व्यवस्थाका आधारमा समायोजन गरिएको जानकारी दिनुभयो । पेट्रोलियम पदार्थमा पाँच प्रतिशतभन्दा बढी घटबढ भएमा नयाँ भाडादर समायोजन गर्ने वैज्ञानिक भाडादरसम्बन्धी कार्यविधिमा व्यवस्था छ। पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू हुनासाथ सार्वजनिक र मालबाहक सवारी साधनको भाडादर समायोजन गर्न मन्त्री ज्वालाले आइतबार विभागलाई निर्देशन दिनुभएको थियो।

## कृषकलाई प्रोत्साहन रकम हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

पोखरा महानगरपालिकाले पोखरा महानगरपालिका-२१ का सुन्तला उत्पादक किसानलाई सुन्तला बगैँचा व्यवस्थापन अभियानअन्तर्गतको प्रोत्साहन रकम हस्तान्तरण गरेको छ।

वडाभित्र सुन्तला उत्पादन गरिरहेका कृषकको बगैँचा व्यवस्थापनअन्तर्गत प्रतिबोट रु एक सयका दरले कूल रु २५ लाख ५० हजार हस्तान्तरण गरिएको हो। 'सिक्टस ग्रिनिङ'लगायतका 'भाइरस' एवं रोगका कारण विभिन्न स्थानमा सुन्तलाखेती सङ्कटग्रस्त बन्दै गएकाअवस्थामाविगतचारवर्षयता महानगरपालिकामा सञ्चालित सुन्तला बगैँचा व्यवस्थापन कार्यक्रमले सकारात्मक प्रभाव पारेको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो।

पछिल्लो डेढ दशकयता कास्कीका सुन्तला उत्पादनका पकेट क्षेत्र विभिन्न रोगका कारण सङ्कटग्रस्त बन्दै गएसँगै महानगरपालिकाले बगैँचा व्यवस्थापन अभियान थालेको उहाँले जानकारी दिनुभयो। प्राविधिकसहितको टोलीले प्रत्येक कृषकको सुन्तला बगैँचामा पुगेर गरिएको अनुगमनको आधारमा अनुदान उपलब्ध गराइने गरिएको छ।

पोखरा महानगरपालिकाले आइतबार आयोजित एक कार्यक्रममा महानगर प्रमुख धनराज आचार्यले सुन्तला बगैँचा व्यवस्थापनबापतको प्रोत्साहन रकम हस्तान्तरण गर्नुभएको हो । उक्त अवसरमा प्रमुख आचार्यले महानगरपालिकाले तोकेअनुसारको कृषिउपजको न्यूनतम समर्थन मूल्यबापतको आव २०७९/८० को रकमसमेत हस्तान्तरण गर्नुभएको थियो।

कार्यक्रममा पोखरा च्याउ उत्पादक कृषक समूहलाई ५९ हजार दुई सय २९ केजी च्याउको रु २१ लाख ४३ हजार आठ सय २२ तथा सावित्री हाभरा एकीकृत कृषि फार्मलाई गोलभेँडा २० टन, बन्दा ४० टन, काउली एक हजार पाँच सय ५३ केजी, घिरौँला एक हजार एक सय पाँच केजीको रु चार लाख २९ हजार पाँच सय

बाँकी अन्तिम पृष्ठमा ▶▶


### डेँगीबाट बचौं

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरू आउनु।
- वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## देशले विकासको फड्को मार्न राजनीति स्थिरता चाहिन्छ : डा भट्टराई

**पोखरापत्र संवाददाता**
गोरखा, १ साउन

पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले देशले विकासको फड्को मार्न कम्तीमा पाँच वर्ष राजनीतिक स्थिरता चाहिने बताउनु भएको छ।

चेम्बर अफ कमर्स गोरखाले आइतबार सदरमुकाममा आयोजना गरेको व्यवसायीहरूसँगको छलफल तथा अन्तरक्रियालाई सम्बोधन गर्दै उहाँले राजनीतिक स्थिरता नभएसम्म विकासले गति लिन नसक्ने बताउनुभयो। "विकासका निर्माणका सवालमा खुट्टा तान्ने काम बन्द हुनुपर्छ, कम्तीमा पाँच वर्षसम्म राजनीतिक स्थिरता नभएसम्म मुलुकको विकासको गति अघि बढ्न कठिन हुन्छ", पूर्वप्रधानमन्त्री डा भट्टाईले भन्नुभयो, "विकास र समृद्धिका लागि नयाँ ढङ्गले सोच्नु आवश्यक छ।" उहाँले नेपालमा सरकार बनाउने र ढाल्ने परिपाटी बढी भएकाले पनि विकास निर्माणको काम सोचेजस्तो गतिमा अघि बढ्न नसकेको बताउनुभयो । राजनीतिक परिवर्तन भए पनि जनताको जीवनस्तर

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हरिहर मन्दिरमा शिवलिङ्गमा जल चढाउनेको भिड

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय क्षेत्र पोखरा १७ महतगौडास्थित सदाशिव सिद्धेश्वर हरिहर मन्दिर परिसरमा १०८ शिवलिङ्ग र गौमुखे जलधारा निर्माण गरिएको छ।

साउने संक्रान्ति सोमवार हिन्दु धर्मावलम्वी भक्तजनले १०८ गौमुखे जलधारामा स्नान गरि शिवलिङ्गमा सेतीनदीवाट ल्याएको जल सहित गाईको दुध र वेलपत्र चढाउएको आज विहानैदेखि भिड लागेको थियो।

प्रसिद्ध धार्मिक क्षेत्र मुक्तिनाथको झल्को दिने गरि ४२ लाख ५० हजारको लागतमा निर्माण सम्पन्न गरिएको शिवलिङ्ग र जलधाराको पोखरा १७ का वडाअध्यक्ष राधिका शाही योगीले आज एक कार्यकक्रमका बीच उद्घाटन गर्नुभयो। पोखराको पौराणीक एवमे ऐतिहासिक मन्दिर सदाशिव सिद्धेश्वर हरिहर रहेको स्मरण गर्दे उहाँले प्राकृतिक पुल, चौतारिमा अवस्थित सिताको पाईला,रामजानकी मन्दिर, पोखरा वृद्धाश्रम लगायतका यस स्थानका धार्मिक एवम् प्राकृतिक सम्पदानको प्रचार प्रसारको



माध्यमबाट आन्तरिक एवम् वाह्रय पर्यटक प्रवर्द्धनमा जोड दिनु पर्ने आवश्यकता औल्याउनुभयो। यस क्षेत्रको समग्र विकास निर्माणमा तीनै तहका सरकारको ध्यान पुग्नु पर्नेमा जोड दिंदै वडाअध्यक्ष योगीले भन्नुभयो, धार्मिक क्षेत्रको विकासमा वडास्तरबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र भण्डारी शर्माका अनुसार पैसा नभईकन शुरु गरिएको शिवलिङ्ग र जलधारा निर्माणमा सहयोगदाताको सहयोगले 'त आट म पुऱ्याउँदछु' भन्ने उक्ति चरितार्थ भएको व्यवस्थापन समितिको निर्णय अनुसार पितृ उद्धारका निम्ति एक जोडि शिवलिङ्ग र धारा निर्माणका लागि १५ हजार रुपैयाका दरले आर्थिक संकलन गरिएको वताउँदै उहाँले सवैको साथ र सहयोगबाट मन्दिर सौन्दर्यकरणमा सहयोग पुगेको बताउनुभयो। सो क्षेत्रमा शिबलिङ्ग र जलधारा सहित प्रवेशद्धार, हनुमान मूर्ति, पानी बोरिङ लगायतका ३५ योजनाका लागि ९८ लाख रुपैया भन्दा बढी खर्च भएको कोषाध्यक्ष इसारा थापाले कार्यक्रममा जानकारी दिनुभयो।

मन्दिर परिसरमा विविध भौतिक संरचना निर्माणमा सहयोग गर्ने दातालाई सम्मान पत्रले सम्मान गरिएको कार्यक्रममा समितिका सचिव हरिहर भण्डारी, प्राविधिक विनोद भण्डारी, सञ्चालक कमल पुन लगायतले साउने सक्रान्ति सोमवार आजै परेको औसिको महत्व मार्थि प्रकाश पर्नुभएको थियो। त्यस अघि आज विहानै भक्तजनहरुले सेतीनदीस्थित सिताघाटमा स्नान गरि विभिन्न आमा समुह, मन्दिर व्यवस्थापन समिति, जनप्रतिनिधि सहितको कलस यात्रा मन्दिर परिसरमा पुगेर शिवलिङ्गमा जल, दुध र वेलपत्र अर्पण गरि कार्यक्रममा सहभागि हुनु भएको थियो। विक्रम सम्वत १८६४ सालमा तत्कालिन कास्कीकोटका राजा कुलमण्डल शाहले सिताघाटमा स्नान गर्ने क्रममा हरिहरको दर्शन पाएपछि सो स्थानको धार्मिक महत्व बुझेर मन्दिर निर्माण गरिएको शिलालेखमा उल्लेख छ। सोही अवधिमा मन्दिरको नित्यपुजाको लागि पोखरा १७ पार्दी विरौटामा २९ रोपनी १२ आना गुठी जग्गाको समेत व्यवस्था गरिएको लालमोहोरमा उल्लेख छ। जग्गाको व्यवस्था मन्दिर समितिले गर्दै आएको सचिव हरिहर भण्डारीले जानकारी दिनुभयो। साउनको पहिलो सोमवार आज विहानैदेखि सेतीनदीस्थित रामघाट, तुल्सिघाट, सिताघाट लगायका स्थानबाट कलसयात्राका सहभागि भक्तजनले ल्याएको जल पोखराका केदारेश्वर, ओमकारेश्वर, गुप्तेश्वर महादेव लगायतका शिवालयहरुमा चढाउनेको भिड देखिन्थ्यो।

# एसईईका उत्कृष्ट विद्यार्थीलाई १३ नं. वडाको सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

पोखरा महानगरपालिका १३ नं. वडा कार्यालय कुँडहरले हालै प्रकाशित एसईई नतिजामा सामुदायिक विद्यालयका सर्वोकृष्ट विद्यार्थीहरूलाई सोमबार सम्मान तथा पुरस्कार वितरण गरेको छ।

वडा अध्यक्ष किरण बरालले उत्कृष्टता हासिल गरेका विद्यार्थीलाई सम्मान र पुरस्कृत गरिरहँदा आज असफल भएकाहरू भोलि जरुर सफल हुन्छन भनेर सफलताका लागि हौसला प्रदान पनि गरे। कार्यक्रमका प्रमुख अतिथि शिक्षा महाशाखाका वरिष्ठ शिक्षा अधिकृत कृष्णप्रसाद भण्डारीले उत्कृष्टता हासिल गरेका विद्यार्थीलाई सम्मानपत्र र पुरस्कार दिएका थिए। भद्रकाली माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र भण्डारीले



शुभकामना दिएका थिए।

वडाभित्रका सामुदायिक विद्यालयतर्फ भद्रकालीका माध्यमिक विद्यालयका छात्र शीतल अधिकारीले ३.८ जिपिए, रतनपाण्डे माविका छात्र राजकुमार तामाङले ३.३५ जिपिए, आर्बाविजय माध्यमिक विद्यालयका छात्र विनायक बरालले २.६ जिपिए ल्याएका थिए। वडाले उनीहरूको उज्जवल शैक्षिक भविष्यको सफलताको कामना गर्दै सम्मान र पुरस्कृत गरेको जनाएको छ। शिक्षा समितिका सदस्य गोविन्द सिग्देलले सञ्चालन गरेको कार्यक्रममा वडा सदस्य सरिफ अलिमियाँले स्वागत मन्तव्य राखेका थिए भने वडा अध्यक्ष किरण बरालले कार्यक्रमको सभापतित्व गरेका थिए।

# लम्पी स्किनविरुद्ध पशुमा खोप लगाइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

पशुमा महामारीका रुपमा फैलिएको लम्पी स्किन रोगविरुद्ध जिल्लामा धमाधम खोप कार्यक्रम सञ्चालन भएको छ।

महामारी फैलिदासम्म खोप खरिदका लागि बजेट अभावले काम सुरु नभएकामा असार अन्तिम सातादेखि पशुमा खोप लगाउन सुरु गरिएको हो। पोखरा महानगरपालिका र चार गाउँपालिका रहेको कास्कीमा सबै पालिकामा गरी हालसम्म १२ हजार आठ सय ५० गाई, भैँसी र गोरुलाई लम्पी स्किनको खोप लगाइएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीले जनाएको छ।

केन्द्रका प्रमुख वरिष्ठ पशु विकास अधिकृत शम्भुराज पाण्डेले सुरुआतमा बजेट अभावमा खोप खरिद गर्न नसकिएको बताउनुभयो। उहाँले भन्नुभयो, "अन्य रोगको खोप कार्यक्रम सञ्चालन भए पनि लम्पीका लागि बजेट र खोपको व्यवस्था थिएन। असारको अन्तिम साता आएर बल्ल बजेट व्यवस्था भए पनि खोप खरीद गरेर खोप कार्यक्रम सुरु गरेका हौं।" महामारी फैलिँदै जाँदा कतिपय व्यावसायिक फार्महरूले आफैँले खोप किनेर समेत पशुमा लगाएका थिए। प्रदेश सरकारले लम्पी स्किनविरुद्धको खोपका लागि रु १० लाख बजेट जिल्लास्थित भेटेरिनरी अस्पतालमा पठाएको थियो।

जिल्लामा हालसम्म १३ हजार तीन सय सात गाई गोरु र तीन सय ३१ भैँसी पशु लम्पी स्किनबाट सङ्क्रमित भएकामा चार सय २९ को गाई गोरुको मृत्यु भएको छ। भैँसी भने सङ्क्रमबाट मरेका छैनन्। पोखरा महानगरपालिकामा सबैभन्दा बढी पशु सङ्क्रमित छन्। पोखरामा १० हजार दुई सय ४२ गाई गोरु र दुई सय ७१ भैँसी सङ्क्रमित भएको केन्द्रका पशु विकास अधिकृत सहदेव पौडेलले जानकारी दिनुभयो। माछापुच्छ्रे गाउँपालिकामा एक सय ५० गाई गोरु र १२ भैँसी, अन्नपूर्णमा गाई दुई सय १९ र भैँसी सात, रुपामा एक हजार सात सय ८२ गाई र गोरु तथा एक भैँसी र मादीमा नौ सय १४ गाई र ४७ भैँसी लम्पीबाट सङ्क्रमित भएको कार्यालयले जनाएको छ।

हालसम्म पोखरा महानगरमा छ हजार पाँच सय, माछापुच्छ्रेमा तीन हजार छ सय, अन्नपूर्णमा एक हजार चार सय ५० र रुपामा एक हजार तीन सय गाई, भैँसीमा खोप लगाइएको पौडेलले बताउनुभयो। लम्पी स्किन गाई भैँसीलाई हुने सङ्क्रामक रोग हो। लामखुट्टे, टोक्ने झिँगा र किर्नाजस्ता कीराको टोकाइबाट यो रोग सर्ने गरेको पशु स्वास्थ्य प्राविधिकको भनाइ छ। गर्मीयाममा लामखुट्टे र किर्ना आदिको सङ्ख्या बढ्ने र ती कीरा बढी सक्रिय हुने भएकाले यसको प्रकोप अझ बढी देखिन्छ। रोगबाट सङ्क्रमित गाईभैँसीको दूध उत्पादनमा तीव्र गिरावट आउनुका साथै उच्च ज्वरो आउने, तौल घट्ने र कहिलेकाहीँ मृत्यु पनि हुनसक्छ।

# पहिलो सोमबार छायाँक्षेत्रमा भक्तजनको घुइचो

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १ साउन

पछिल्लो समय साउन महिनाको सोमबार शिवालयहरुमा भक्तजनहरुको उत्साहजन घुइचो बढ्न थालेको छ। साउन महिना शिव भगवानको महिनाको रुपमा हेरिन थालेपछि शिवालय मिन्दर हरुमा भक्तजनहरुको घुइचो लाग्न थालेको हो। स्याङ्जाका विभिन्न शिवालय मन्दिर देखी नदीहरुमा पहिलो सोमबार भक्तजनहरुको उत्साहजन भिड लागेको छ। यसै विच स्याङ्जाको एतिहासिक शिवपार्वति मन्दिर छायाँक्षेत्रमा पनि भक्तजनहरुको उल्लेख्य घुइचो लागेको छ। साउन महिनाको पहिलो सोमबार भक्तजनहरुको घुइचो लाग्न थालेपछि छायाँक्षेत्र दर्शन गर्न आउने भक्तजनहरुको संख्या यो महिनाभरी उल्लेख्य रहने विश्वास छायाँक्षेत्र मन्दिर व्यवस्थापन समितिले गरेको छ। जिल्लाकै अति पवित्र धार्मिक स्थल मानीने छायाँक्षेत्रमा विगतका बर्षहरुमा भन्दा अहिले दर्शन गर्न आउनेको भिड लागेको छायाँक्षेत्र मन्दिर सेवा समितिका अध्यक्ष पिताम्वर श्रेष्ठले बताए। हिन्दु धर्मावलम्विहरुले



साउन महिनाको सोमवार पबित्र तिर्थस्थलमा गई शिबजीको आरधना गर्ने परम्परा रहेको छ। श्रावण महिनामा शिवजीको ब्रत वस्दा मनोकाक्षां पुराहुने धार्मिक जनविश्वासका साथ स्याङजाको पवित्र तिर्थस्थल मध्येको छायाक्षेत्र मन्दिरमा विहानैदेखि भक्तजनको भिड लागेको थियो।

हिन्दु धर्म अनुसार श्रीस्वस्थानी वर्त कथामा भनिए अनुसार भगवान शिवले पहिलो बिबाह गरेका सतिदेवीको स्वर्गारोहण भएपछि अर्ध पागलको रुपमा सतीदेवीको मृत शरिर लिएर हिँडदा हिँडदै गलेको शरिरको अन्तिम अंग खसेको धार्मिक बिश्वासका साथ छायाँक्षेत्र मन्दिरमा विशेष पर्वहरुमा भक्तजनको भिड लाग्ने गर्छ। यो क्षेत्रमा पुगेपछि श्रीस्वस्थानी वर्तकथाको सम्झना हुने गरेको दर्शन गर्न आउने भक्तजनहरुको भनाई छ। यस ठाँउमा शिवजीका एतिहासिक ढुँगाका मुर्तिहरु देख्न पाइन्छ भने छायाँक्षेत्र परिसरमा रहेको सुरुङ जहाँवाट नियमित जलधारा आउने गर्छ, त्यो सुरुङमार्ग नेपालको सवैभन्दा लामो सुरुङमार्ग रहेको स्थानियबासीहरु बताउछन। जसका कारण आन्तरिक तथा वाह्रय पर्यटकहरु समेत उक्त स्थानमा आउने गर्दछन। यो मन्दिर सिद्धार्थ राजमार्गको नजिकै पर्छ। स्याङ्जामा कालिगण्डकी किनारमा रहेका रामनदी धाम, केलादीघाट, सेतीवेणी, केदारनाथ मन्दिर लगायतका मन्दिरमा भक्तजनको भिड लागेको बताइएको छ।

## कृषकलाई...

३७ को समर्थन मूल्य सहयोगको चेक हस्तान्तरण गर्नुभयो। आर्थिक वर्ष २०७९/८० अन्तर्गत यस पालिकाभित्र उत्पादन भएका तर तोकिएको मूल्य नपाएका एक लाख २७ हजार चार सय ९० केजी तरकारीको रु २७ लाख भुक्तानी दिएको छ। महानगरले विभिन्न २३ वटा कृषिउपजको न्यूनतम मूल्य तोकेको छ। तोकिएको न्यूनतम समर्थन मूल्यभन्दा कम पर्ने अवस्थामा कम भएको रकमको भुक्तानी महानगरपालिकाले उपलब्ध गराउने व्यवस्था गरिएको छ।

त्यसका लागि खेती गर्नुपूर्व कृषकले आफूले उत्पादन गर्ने सम्भावित उत्पादन सूचीकृत गर्नुपर्ने, बजारमा प्रतिस्पर्धी मूल्यमा बेच्नुपर्नेलगायतका सर्त निर्धारण गरिएको कृषि महाशाखा प्रमुख कडरियाले बताउनुभयो। कार्यक्रममा महानगर प्रमुख आचार्य, पोखरा महानगरपालिका सहरी योजना आयोगका उपाध्यक्ष प्रेमलाल लामिछाने, पोखरा-२१ का वडाध्यक्ष दीपक सुवेदीलगायतले उत्पादनमा जोड दिन आग्रह गर्दै महानगरका तर्फबाट साथ र सहयोग हुने विश्वास व्यक्त गर्नुभयो।

## देशले...

सुधार गर्ने गरी आर्थिक परिवर्तन अझै हुन नसकेको भन्दै पूर्वप्रधानमन्त्री डा भट्टराईले त्यसका लागि नयाँ सोच र नयाँ शक्तिको खाँचो रहेको औँल्याउनुभयो। "कृषि प्रधान देश भएकाले कृषि क्षेत्रको विकासमार्फत नै कृषि अर्थतन्त्रलाई उद्योग प्रधान अर्थतन्त्रको विकास गर्नुपर्छ", उहाँले भन्नुभयो, "विकासका लागि पहिलो चरणमा भौतिक पूर्वाधारको निर्माण गरी विश्वबजारसँग नेपाली बजारलाई जोड्न सक्नुपर्छ।"


अर्कोको प्रसङ्गमा पूर्वप्रधानमन्त्री डा भट्टराईले गोरखा र धादिङको सिमाना निर्माण गर्ने भनिएको बूढीगण्डकी योजना निर्माण सम्पन्न गर्न सके यो आयोजना गोरखा मात्रै होइन सिङ्गो नेपालकै 'गेम चेन्जर' आयोजना बन्ने पनि दाबी गर्नुभयो। उहाँले बूढीगण्डकी जलाशययुक्त आयोजना बहुउद्देश्यीय आयोजना भएकाले यसलाई जोडेर अन्य धेरै प्रोजेक्टहरु चलाउन सकिने उल्लेख गर्नुभयो। पूर्वप्रधानमन्त्री डा भट्टराईले जलाशययुक्त बूढीगण्डकी जलविद्युत् आयोजनाले गण्डकी प्रदेशभित्र प्रशास्त आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने सकिने बताउनुभयो। "अहिलेको हिसाबले आयोजना बने यो यहाँ फेवातालभन्दा झन्डै पन्ध्र पन्ध्रगुणा ठूलो ताल बन्छ", उहाँले भन्नुभयो, "यस आयोजनाबाट यस क्षेत्रलाई विद्युत् उत्पादनमात्र नभई पर्यटकीय हब बनाएर काम गर्न सके सिङ्गो देशको आर्थिक समृद्धि हासिल गर्न मद्दत पुग्नेछ।"


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# कर्मचारीलाई फसाउने काम नगरौ

नेपाल सरकारका मुख्यसचिव डा.बैकुण्ठ अर्यालसँग सचिवहरुले असन्तुष्टि पोखेका छन् । बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पास गर्ने प्रकरणको अनुसन्धानका प्रहरीले राजनीतिक नेतृत्व र प्रशासनिक कर्मचारीबीच फरक व्यवहार गरेको भन्दै असन्तुष्टि जनाएका छन।प्रशासनिक नेतृत्व मुख्यसचिवले गरेपनि सचिवहरुले अभिभावक नपाएको गुनासो आउने गरेको छ। मुख्यसचिव भएपछि अर्यालले दोश्रो पटक मन्त्रालयका सचिवहरुसँग छलफल गरेका थिए । सचिवहरुले कर्मचारीमाथि हुने गरेका यस्ता व्यवहारले प्रशासनमाथिको विश्वसनियतामा ह्रास आउने सुझाव दिएका थिए । ललिता निवास जग्गा प्रकरणमा संलग्न रहेको आरोपमा सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउत पक्राउ परेपछि कर्मचारीवृत्तमा खैलाबैला मच्चिएको छ ।

शाखा अधिकृत हुँदा गरेको काम अहिले सचिव भएर सजाय भोग्नुपर्ने भन्दै यसमा के कसो भएको हो भनेर सचिवहरुले मुख्यसचिव अर्यालसँग जफाव मागेका थिए । पेसागत महासंघ र कर्मचारीका ट्रेड युनियनले पनि राजनीतिक नेतृत्वलाई नछोइ कर्मचारीलाई फसाउने गरेको भन्दै विरोध जनाएका छन । 'सचिव राउत साँच्चै दोषी हुन् वा होइनन् भनेर पहिला प्रमाण पुगेपछि पक्राउ गर्दाको अवस्थामा थियो भने ठिक थियो, तर निर्देशन दिने तत्कालीन प्रधानमन्त्रीदेखि सचिवसम्म चोख्याएर उनलाई मात्रै टार्गेट गर्नु राम्रो भएन । आम नागरिकले उठाउने प्रश्न पनि यही हो। प्रधानमन्त्रीलाई यस विषयमा ध्यानाकर्षण गराउनुपर्यो भनेर मुख्यसचिवलाई घचघच्याउनु उचित हो ।' सचिवहरुले निर्देशनको भरमा टिप्पणी उठाएका राउतलाई कारबाही गर्ने कि निर्देशन दिने अधिकारीलाई कारबाही गर्ने भनेर कर्मचारीले मात्र होइन नागरिकले उठाउने प्रश्न हो ।

स्थायी सरकार कर्मचारी भएकाले कर्मचारीको मनोबल नै खस्कने गरि भइरहेको कामकारबाहीलाई तत्काल निरुत्साहित गर्नुपर्ने जोड सचिवहरुको छ। कर्मचारी र राजनीतिक नेतृत्वलाई अनुसन्धान गर्ने निकाय प्रहरीको सीआईबीले फरक-फरक व्यवहार देखाएको भन्दै यसअघि पनि पूर्व प्रशासकहरुले असन्तुष्टि जनाउँदै आएका थिए । अनुसन्धान गर्ने निकायले व्यक्तिगत गोपनीयताको समेत ख्याल नगरिएको विषय उठ्ने गरेकोमा अहिले प्रहरीले कर्मचारीलाई गरेको व्यवहारले प्रशासनिक विश्वसनीयताको समेत ख्याल नगरेको देखिन्छ।कर्मचारीको विश्वसनीयता बढाउने गरि काम गर्नुपर्ने अवस्था छ।

सचिवहरुसंगको बैठकमा पुराना निर्णय कार्यान्वयन समीक्षा, वार्षिक बजेट कार्यान्वयन कार्ययोजना, आर्थिक सुशासनको बारेमा कुरा उठाउने राजनीतिक नेतृत्वको व्यवहार फरकफरक हुनुहुँदैन ।चर्चामा आउन साना कर्मचारीलाई पक्राउ गरेर राजनीतिक नेतृत्वलाई उन्मुक्ति दिंदा झगडाको बीउ रहन्छ।सबैलाई समान व्यवहार गरेमा गुनासो गर्ने अवस्था हट्नेछ ।

# चैते धान रोप्ने किसानलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

चैते धान र व्यावसायिक तरकारी खेती गर्ने पोखरा महानगरपालिका वडा नं २६ र २७ का किसानलाई महानगरको कृषि महाशाखाले प्रोत्साहन रकम वितरण गरेको छ । दुवै वडाका गरी कूल चार सय १६ किसानलाई आइतबार वडाध्यक्ष, महानगरका प्रतिनिधिलगायतको उपस्थितिमा प्रोत्साहन रकम बाँडिएको हो ।

वडा नं २६ मा चैते धान खेती गर्ने दुई सय ९५ किसानलाई रु आठ लाख ३८ हजार नौ सय ६८ र व्यावसायिक तरकारी खेती गर्ने चार किसानलाई रु तीन लाख ३२ हजार एक सय ५० प्रदान गरिएको हो । वडा नं २७ मा चैते धान लगाउने एक सय दुई किसानले रु तीन लाख ४८ हजार एक सय ५० र तरकारी खेतीमा लागेका १५ किसानले रु तीन लाख ७८ हजार छ सय १३ बुझेका थिए । चैते धान खेती गर्ने किसानलाई प्रति रोपनी रु नौ सयका दरले प्रोत्साहन रकम दिइएको महानगरको कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । तरकारीतर्फ प्लास्टिक घर (टनेल)मा खेती गर्नेलाई प्रति वर्गमिटर रु एक सय ३० र तरकारीको क्षेत्र विस्तार गर्नेलाई प्रति रोपनी रु दुई हजारका दरले प्रदान गरिएको हो । महानगरले चलाएको 'एक वडा, एक पकेट कार्यक्रम'अन्तर्गत चैते धान विस्तारका लागि वडा नं २६ र २७ का किसानलाई प्रोत्साहन रकम प्रदान गरिएको कृषि महाशाखा प्रमुख कडरियाले बताउनुभयो । "चैते धान खेतीको क्षेत्रफल घट्दै जान थालेपछि हामी यसको प्रवर्द्धन गर्नुपर्छ भनेर लाग्यौं, गत वर्षदेखि उन्नत जात लगाउन सुरु भएको छ, उत्पादन बढेपछि किसान पनि खुसी हुनुहुन्छ", उहाँले भन्नुभयो, "चैते धान खेती विस्तारमा किसानलाई आकर्षित गर्न प्रोत्साहनको कार्यक्रम ल्याइएको हो, यसले निरन्तरता पाउँछ ।" उत्पादनमा आधारित प्रोत्साहन रकम दिन थालेपछि वास्तविक किसानलाई लाभ मिलेको महाशाखा प्रमुख कडरियाले उल्लेख गर्नुभयो । महानगरले चैते धान, गहुँ, सुन्तला, उखु, तरकारी, आलु, मौरीपालनलगायतलाई लक्ष्य गरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिरहेको छ । पोखरा-२६ मा व्यावसायिक तरकारी खेती गर्दै आउनुभएका बागलुङका कर्ण पुनले महानगरले दिएको प्रोत्साहन रकमले आफूलाई हौँसला मिलेको प्रतिक्रिया दिनुभयो । उहाँले रु एक लाख ५१ हजार प्रोत्साहन रकम प्राप्त गर्नुभएको थियो । पुनले १७ रोपनी क्षेत्रफलमा तरकारी खेती गर्दै आउनुभएको छ ।

"तरकारी खेतीलाई अझ विस्तार गर्ने सोचमा छु, कृषि व्यवसायबाट सन्तुष्ट छु", उहाँले भन्नुभयो, "मेहनत गर्ने हो भने वर्षमा रु दस/बाह्र लाख कमाउन विदेश जानु पर्दैन, कृषिमा खटेर लाग्नेलाई सरकारले पनि हेर्छ, अनुदान आउँछ ।" पुनले खेतीयोग्य जग्गा नासिँदै गएकामा भने चिन्ता व्यक्त गर्नुभयो । वडा नं २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले किसानको हितमा वडाबाट पनि सक्दो कार्यक्रम ल्याउने बताउनुभयो । उहाँले प्रोत्साहन रकमसँगै किसानलाई सिँचाइलगायतका सुविधा र प्रविधिको खाँचो रहेको उल्लेख गर्नुभयो ।

# किसानको उत्पादन, सहकारीको बजारीकरण

**रासस**
बागलुङ, १ साउन

विसं २०६४ मा गलकोट सदरमुकामको हटिया बजारस्थित शिवालयको चौरबाट सुरु भएको गौमुखी कृषि विकास सहकारी अहिले गलकोटकै अब्बल सहकारीमा गनिन्छ । सहकारीको लक्ष्य, मूल्य र मान्यताबाट परिचालित गौमुखी सहकारी अहिले आफ्नै सुविधा सम्पन्न भवन, आफ्नै कृषि फार्म र आफ्नै हाटबजार छ ।

सहकारीमार्फत कृषिउपजको बजारीकरणका लागि सहकारीले आफ्नै सवारीसाधनसमेत खरिद गरेको छ। बचत तथा ऋण कारोबार, रेमिट्यान्टस, गौमुखी कृषि फ र्म, कृषिउपजको बजारीकरण गर्दै आएको सहकारीले किसानको कृषिउपजलाई बजारीकरणको ग्यारेन्टी गर्ने उद्देश्य कृषि हाटबजार सञ्चालनको अन्तिम तयारीमा जुटेको छ ।

गलकोट नगरपालिका-३ सिमखेतमा हालै आफ्नै भवनबाट सञ्चालित गौमुखी कृषि विकास सहकारीले चार रोपनी जग्गा भाडामा लिएर २०७४ सालदेखि व्यावसायिक तरकारी खेती गर्दै गौमुखी कृषि विकास सहकारीका अध्यक्ष शिवकुमारी खत्रीले बताउनुभयो । "विसं २०६४ मा शिवालयको चौरमा झोलामा बचत सङ्कलन गरेर सुरु गरेको सहकारीको आफ्नै घर, कृषि फार्म, हाटबजार र कृषिउपजको बजारीकरण गर्ने आफ्नै सवार ीसाधन छ", उहाँले भन्नुभयो, "निकै सङ्घर्ष र मेहनतका कारण कृषि सहकारी यो अवस्थामा आइपुगेको छ, किसानले उत्पादन गरेको कृषिउपज हाटबजारमा बिक्री गर्ने लक्ष्य लिएका छौँ, हाट बजारमा बिक्री नभएको कृषिउपज सहकारीले खरिद गरेर बजारीकरण गर्छ, कृषिउपजको बजारको ग्यारेन्टी गरेपछि गलकोटका किसान उत्साहित भएका छन् ।"

अहिले गौमुखी कृषि विकास सहकारीको गलकोट नगरपालिका-६ किम्बोटमा चार रोपनी जग्गामा व्यावसायिक तरकारी खेती छ । तरकारी खेतीका लागि पाँच अत्याधुनिक हाइटेक प्रविधिका प्लाष्टिक टर्नेल स्थापना गरिएको अध्यक्ष खत्रीको भनाइ छ । टर्नेलमा गोलभैंडा, काउली, बन्दा, साग, बोडी, सिमीलगायत मौसमी तथा बेमौसमी तरकारीखेती गरिँदै आएको छ । गत वर्ष मात्रै सहकारीले आफ्नो फार्ममा उत्पादन गरेको तरकारी बिक्रीबापत रु सात लाख आम्दानी गरेको थियो । सहकारीले गौमुखी कृषि फार्म सञ्चालनका लागि जग्गा भाडामा लिएको छ । उक्त जग्गाको वार्षिक रु ३६ हजार भाडा तिरेर तरकारीखेती गर्दैआएको गौमुखी कृषि विकास सहकारीले जनाएको छ । सहकारीको कृषिउपजलाई बजारको ग्यारेन्टी गर्ने मुख्य लक्ष्य रहेको भए पनि बचत तथा ऋण र विप्रेषणको समेत कारोबार गर्दै आएको सहकारीका प्रबन्धक खिमबहादुर सहानीले बताउनुभयो । उहाँका अनुसार सहकारीले महिला किसानसँग बढी कारोबार गर्नुका साथै कृषिउपजका लागिसमेत ऋण लगानी गर्दै आएको छ । सहकारीले रु एक करोड ५० लाख लगानीमा हटियाको सिमखेतमा सहकारीका नाममा जग्गा खरिद गरेर दुईतले पक्की भवन निर्माण गरेको छ । दश कर्मचारी रहेको सहकारीमा कृषिउपज सङ्कलन कक्ष र बजारीकरणका लागि यातयातकोसमेत सुविधा छ । "महिलाले नेतृत्व गरेको सहकारीमा ७० प्रतिशत महिला सहभागिता छ, सहकारीमा एक हजार आठ सय शेयर सदस्य छन्", उहाँले भन्नुभयो, "कृषिउपजको बजारीकरणको जिम्मा लिन थालेका छौँ, यो महिनादेखि कृषि हाट बजारको सञ्चालन गर्छौं, भाडाको जग्गामा १३ सटर बनाएर हाट बजार सञ्चालन गर्ने तयारी छ, हाट बजारमा किसानले कृषिउपजको बजारीकरण गर्नेछन् बिक्री नभएको कृषिउपज सहकारीले खरिद गर्नेछ ।" सहकारीमा हाल रु एक करोड ९८ लाख शेयरपुँजी छ भने सहुलियत व्याजदरमा किसानलाई ऋण लगानी गरिँदै आएको छ । सहकारीले हाल रु १७ करोडको वार्षिक कारोबार गर्दै आएको छ । हटिया बजारको शिवालय चौरमा बसेर महिनाको तीन दिन कारोबार गर्ने सहकारीले अहिले कृषिउपजको सङ्कलन र बजारीकरणमा जिल्लाकै अब्बल सहकारीकारुपमा मान्यता पाएको छ । सहकारीले कृषि क्षेत्रको उत्पादन बढाउन प्रत्यक्ष अप्रत्यक्षरुपमा किसानलाई सहयोग गर्दै आएको छ ।

# सारुमगरलाई 'मौलिक कौराहा पत्रकारिता पुरस्कार'



**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

राष्ट्रिय मौलिक कौराहा संरक्षण समितिद्धारा स्थापित 'राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार २०८०' बाट पत्रकार खेम सारुमगर पुरस्कृत भएका छन् ।

नेपाल मगर पत्रकार संघ कास्कीले सञ्चालन गर्दै आएको उक्त पुरस्कारबाट मौलिक कौराहा संरक्षणको पक्षमा पत्रकारिता मार्फत उजार गरेको भन्दै रेडियो नेपालमा कार्यरत पत्रकार खेम सारुमगरलाई आइतबार पुरस्कृत गरेको हो । रेडियो नेपाल गण्डकी प्रदेश प्रादेशिक कार्यालयमा कार्यरत पत्रकार सारु मगरलाई गण्डकी प्रदेशका उपसभामुख बिना कुमारी थापामगरले सम्मानपत्र, दोसलूला तथा नगद १० हजार पुरस्कारस्वरुप प्रदान गरिन् ।

सो अवसरमा बोल्दै प्रमुख अतिथिसमेत रहेकी थापामगरले पहिचानको रुपमा रहेको कला संस्कृति, भाषा र भेषभुषाको संरक्षणको दायित्व सबैको रहेको बताइन । 'अहिले हाम्रा पहिचानको रुपमा रहेको कला संस्कृति, भाषा र भेषभुषाको संरक्षणमा सबैले चासो राख्नुपर्ने दायित्व रहेको छ', उपसभामुख थापामगरले भनिन, 'विभिन्न समुदायमा बसोबास गर्ने विभिन्न जातजातिको संरक्षण र संस्कृतिको संरक्षणमा पत्रकारिताले थप सहयोग पुगेको छ ।'

उनले पत्रकारितामा इमान्दारिता र कर्तव्यमा रहेर यो पेशालाई थप जागरुक बनाउन आवश्यक रहेको धारणा राखिन । यस्तै पुरस्कृत पत्रकार खेम सारुमगरले मगरहरुको कला संस्कृति र भेषभुषा संरक्षणमा थप जिम्मेवारी थपिएको बताउदै उत्प्रेरणा मिलेको बताए । 'रेडियो नेपालमा मगर भाषामा समाचार पढ्दै मगर समुदायको कला संस्कृति संरक्षणमा कलम चलाउँदै आएको छु', पत्रकार सारुमगरले भने, 'मौलिक कौराहा पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएपछि म माथि अझै थप जिम्मेवारी थपिएको छ र उत्प्रेरणा पनि मिलेको छ ।'

नेपाल मगर पत्रकार संघका केन्द्रिय उपाध्यक्ष एमबी आस्था मगरको संयोजकत्वमा गठन गरिएको समितिले पत्रकार सारुमगरलाई पुरस्कृत गर्ने निर्णय गरेको थियो । श्रव्यदृश्य माध्यमबाट मौलिक कौराहा संरक्षणमा योगदान पुर्याउँदै आएका पत्रकारहरुलाई पुरस्कार प्रदान गर्दै आएको राष्ट्रिय मौलिक कौराहा संरक्षण समितिका केन्द्रिय अध्यक्ष हर्क आलेमगरले बताए । उनका अनुसार मौलिक कौराहा पत्रकारिता पुरस्कार स्थापना २०७५ मा गरिएको हो ।

यस अघि उक्त पुरस्कारबाट मौलिक कौराहा संरक्षणमा कलम चलाउँदै आएका पत्रकारहरु कमला राना मगर (नवलपुर), तिलक पुन पुर्जा (कास्की), प्रताप राना मगर (तनहुँ), मान बहादुर घर्ति (एमबी आस्था) मगर (कास्की), मनोज घर्ति मगर (कास्की) पुरस्कृत भइरसकेका छन् ।

**विमालेख हरायो**

साविक गुराँस लाइफ इन्स्योरेन्स क.लि.बाट जारी गरिएको निम्न लिखित विमा लेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

| क्र.सं. | नाम | विमालेख नं. |
|---|---|---|
| १ | तारादेवी गुरुङ | GLI 0000024 |

सम्पर्क
हिमालयन लाइफ इन्स्योरेन्स लि.
प्रादेशिक कार्यालय, पोखरा

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बड्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः १९९५/03/१७ गते

**स्व. सहदेव थापा**

स्वर्गारोहणः २०८0/03/२२ गते

स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं.-९, नाम्चे घर भई हाल पोखरा-१५, प्रतिभाटोल निवासी हाम्रा पुजनीय बुबा/मामा/ससुरा **सहदेव थापाको** ८५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**डील बहादुर राना**
**अध्यक्ष तथा**
**नाम्चेली कौडे मुखिया परिवार, पोखरा**

# उत्पादन बढेपछि चक्लाबन्दीमा आकर्षित हुँदै किसान

**पोखरापत्र संवाददाता**
बागलुङ, १ साउन

बाँझो जग्गाको सदुपयोगसँगै उत्पादनमा वृद्धि भएपछि बागलुङका किसान चक्लाबन्दीतर्फ आकर्षित भएका छन् ।

बसाइँसराइका कारण बाँझो जग्गा बढ्दै गएको, एकल खेतीभन्दा सामूहिक खेतीले उत्पादन बढाउने र एकीकृत उत्पादनले बजारीकरणमा समेत सहयोग पुऱ्याउने भएपछि जिल्लाका किसान चक्लाबन्दीतर्फ आकर्षित भएका हुन् ।

बाँझो जग्गालाई एउटै 'पलट' बनाउने, जग्गाको खण्डीकरण मिलाउने र एकल बाली लगाउँदा उत्पादनमा वृद्धि हुने भएपछि जिल्लाका किसानले फार्म, समूह र सहकारीमार्फत चक्लाबन्दी गर्न थालेका हुन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको अगुवाइमा बागलुङ जिल्लामा पछिल्लो तीन वर्षयता १२ स्थानको कृषि फार्म, समूह तथा सहकारीमार्फत आठ सय रोपनी जग्गा चक्लाबन्दी भइसकेको मात्रै छैन चक्लाबन्दीमा गरिएको किवी तथा कागतीले उत्पादन दिन थालेका छन् ।

आर्थिक वर्ष २०७९/८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालय बागलुङअन्तर्गत रु ५० लाख लगानी तथा स्थानीय फार्म, कृषि समूह तथा सहकारीमार्फत चार सय ५५ रोपनी जग्गामा कागती खेती, ओखर खेती किवी खेती, तरकारी खेती र स्याउ खेती थालिएको आयोजनाका प्रमुख वरिष्ठ कृषि अधिकृत सुजित पौडेलले बताउनुभयो । "सुरुमा किसान चक्लाबन्दीको विषयमा जानकार नभएर कम निवेदन आउँथ्यो, अहिले निवेदन धेरै आउँछ, यो वर्ष २१ फार्म, समूह र सहकारीमा आबद्ध किसानले चक्लाबन्दीका लागि निवेदन दिनुभएको थियो, हामीले पाँच वटा फार्मलाई मात्रै स्वीकृत गरेर चक्लाबन्दीका लागि थालिएको प्रस्तावनाअनुसार काम भइसकेको छ", उहाँले भन्नुभयो, "एउटै पलटमा एकल बाली लगाउँदा उत्पादन लागत घट्ने, धेरै परिणाममा उत्पादन हुँदा उत्पादनको बजारीकरणमा सहजतालगायतका कारण चक्लाबन्दीमा किसान आकर्षित भएका हुन् ।"

कृषि अधिकृत पौडेलका अनुसार आर्थिक वर्ष २०७९/८० मा चक्लाबन्दी कार्यक्रमअन्तर्गत गतेरा पशुपन्छी युवा कृषक समूह निसीखोला गाउँपालिका-४ मा ५६ रोपनी बाँझो जग्गामा आठ सय ५० वटा किवीका बिरुवा लगाइएको छ भने आठ सय ५० थान नै क्रङ्किटको पोल व्यवस्थापन गरिएको छ । उक्त समूहमा २५ जना किसान आबद्ध रहेका छन् । बाँझो जग्गालाई सदुपयोग गर्ने प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको उद्देश्यअनुसार यहाँका किसान उत्साहित भएर किवी खेती गरिरहेको गतेरा पशुपन्छी युवा कृषक समूहका अध्यक्ष लिला घर्तीले बताउनुभयो । "बाँझो जग्गा थियो, चक्लाबन्दी भनेको जग्गा सम्याउने मात्रै होला भन्ने थियो, एउटै प्लटमा एकै प्रकारको खेती ६० रोपनीभन्दा माथि गरेपछि चक्लाबन्दी हुँदो रहेछ", उहाँले भन्नुभयो, "परियोजनाको रु आठ लाख ६० हजार र समूहको रु तीन लाख गरी रु ११ लाख ६० हजार लागतमा किवी खेती गरेका छौँ भने किवीलाई आवश्यक पोल र तारसमेत अहिलेनै व्यवस्थापन गरिएको छ ।" यस्तै जैमिनी नगरपालिका-३ स्थित छन्त्याल कृषि समूहले दुई सय रोपनी बाँझो जग्गामा ओखर खेती गरेको छ । तीस जना किसानको समूह रहेको उक्त समूहमा सिँचाइको समेत व्यवस्था परियोजनामार्फत गरिएको छ । यस्तै ढोरपाटन -९ स्थित नवी गाउँको ८० रोपनी जग्गामा एक हजार दुई स्याउका कलमी बिरुवा लगाइएको छ । बीस जना किसान आबद्ध रहेको समूहमा सिँचाइको व्यवस्था मिलाइएको छ । नवी गाउँमा आलु खेतीमा भन्दा स्याउखेतीबाट दोब्बर आम्दानी गर्न सकिने भएकाले किसान स्याउ खेतीमा लागेका हुन् । नवी गाउँमा लगाइएका स्याउ तीन वर्षपछि फल्न थाल्नेछ । यस्तै चक्लाबन्दी कार्यक्रममार्फत बागलुङ -८ गडेलबोटमा गडेलबोट कृषि तथा पशुपालन समूहअन्तर्गत एकीकृत तरकारी खेतीका लागि ३५ वटा अस्थायी र तीन वटा स्थायी प्लाष्टिक टर्नेल स्थापना गरिएको छ भने ७० रोपनी जग्गामा व्यावसायिक तरकारी खेतीका लागि ४० घरलाई समावेश गरिएको छ । बागलुङ जिल्लाको काठेखोला गाउँपालिका-५ स्थित गैरीखेत कृषक समूहमा चक्लाबन्दी कार्यक्रमअन्तर्गत ४० रोपनी जग्गामा छ सय कागतीका बिरुवा लगाउने, तारबार व्यवस्थापन र सिँचाइको व्यवस्था मिलाइएको छ । चक्लाबन्दी कार्यक्रमअन्तर्गत एउटै पलटमा ६० देखि सय रोपनी जग्गामा एकै प्रकारको खेती गर्न आवश्यक हुन्छ । परियोजनाले चक्लाबन्दीका लागि सामग्री खरिदमा ५० प्रतिशत र निर्माण कार्यमा ८५ प्रतिशत अनुदान दिएर किसानलाई चक्लाबन्दीतर्फ प्रोत्साहित गरेको छ ।

बागलुङ जिल्लालाई विस्तारै जग्गा चक्लाबन्दी गरेर व्यावसायिक खेती प्रणालीमा लैजान थालिएको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो । उहाँले थोरै जग्गामा खेती गर्दा उत्पादन लागत बढ्ने र बजारीकरणमा समस्या हुने भएकाले एकीकृत ढङ्गले खेती गर्न चक्लाबन्दी आवश्यक रहेको बताउनभयो । बसाइँसराइले क्रमशः गाउँका जग्गा बाँझो पल्टिने, जग्गाको खण्डीकरणका कारण यान्त्रिकरण गर्न नसकिने तथा एकल बालीका लागि उपयुक्त जग्गाको अभावका कारण चक्लाबन्दी गर्न थालिएको हो । नगदे बालीको उत्पादन बढाउने, यान्त्रिकरणको माध्यमबाट उत्पादन लागत घटाउने र खेर गएको जग्गालाई सदुपयोग गर्नेका लागि जग्गा चक्लाबन्दीको योजना निरन्तररुपमा जिल्लामा सञ्चालित भइरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङले जनाएको छ । चक्लाबन्दी कार्यक्रममा समावेश हुनका लागि फार्मको ६० रोपनी र समूहको सय रोपनी जग्गाभन्दा माथि हुन आवश्यक छ ।

चक्लाबन्दी जग्गामा सजिलै यन्त्र उपकरण लैजान सकिने, पानीको निकास हुने, पहिरो नजाने तथा उत्पादनमा समेत वृद्धि हुने र उत्पादन लागत घट्ने भएकाले जग्गा चक्लाबन्दीमा किसानको आर्कषण बढेको जिल्ला कृषि सहकारी सङ्घका अध्यक्ष नरबहादुर थापाले बताउनुभयो । चक्लाबन्दी भन्दैमा डोजर लगाएर जग्गा सम्याउने मात्रै नभएर जग्गाको खण्डीकरण मिलाउने र अन्नबाहेकको एकल बाली लगाउनेलाई समेत चक्लाबन्दीका रुपमा लिइन्छ ।

# हराउँदै लुतो फाल्ने चलन

**रासस**
बागलुङ, १ साउन

साउन १ गते अर्थात् साउनेसङ्क्रान्ति बागलुङका छन्त्याल तथा अन्य समुदायले 'लुतो फाल्ने' गर्दछन् । बिहानदेखि साँझसम्म चेलिबेटी बोलाउने र आफन्त जम्मा भएर मिठामिठा परिकार खाने, दुःखसुख साटासाट गर्ने र साँझ घरघरमा लुतो फाल्ने चलन छ । पछिल्लो समय लुतो फाल्ने संस्कृति हराउँदै गएको स्थानीय बताउँछन् ।

बजार क्षेत्रमा प्रचलन हराइसके पनि बागलुङका केही गाउँमा भने अहिले पनि प्रचलन रहेको ढोरपाटन नगरपालिका-९ का ८१ वर्षीय खिमबहादुर पुनले बताउनुभयो । युवामा पुस्ता हस्तान्तरण हुन नसक्दा यो संस्कृति हराउँदै गएक भन्दै बुढापाका चिन्तित बनेका छन् । आफूले सानैदेखि कला, संस्कृति तथा परम्परा सिकेको बताउँदै अहिलेका पुस्ताले कुनै पनि परम्परा संरक्षणमा चासो नदिँदा यस्ता संस्कृति र चलन हराउँदै गएको उहाँको भनाइ थियो ।

पहिलो साउने सङ्क्रान्तिको साँझ कुरिलो, लुतेझार, पानीसरो, कागभलायो, कुकुरडाइनो, रातपातेलगायत औषधीय गुण बोकेका वनस्पतिका र कागती, अमिलो बेलौतीलगायतका फलफूलसहित कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फाल्ने गरिए पनि अहिले त्यस्तो गर्न छोडिएको पुनले बताउनुभयो । लुतो फ्याँक्दा नाङ्लो ठटाउने, डम्फू बजाउने, घण्ट बजाउने, ढिँकी कुट्ने र एकछिन घरको ढोका बन्द गर्ने चलन रहेकोमा पछिल्लो समयमा लुतो फाल्ने चलन निकै कम भएको उहाँले बताउनुभयो । यसरी तुलो फाल्दा रोगव्याधी नलाग्ने, बालीनाली राम्रो हुने र पशुचौपायालाई राम्रो हुने मान्यता रहेको पुनको भनाइ थियो । "पहिले-पहिले साउने सङ्क्रान्ति भव्य रुपमा मनाउने गरिन्थ्यो, अहिले त्यो चलन निकै कम भएको छ, दिनभरी जङ्गल र बारीमा डुलेर कुरिलो, लुतेझार, काँडा जम्मा गर्ने, साँझ आँगनमा ठूलो आगो बालेर दनदनी बलिरहेको अगुल्टोलाई घर वरपर घुमाएर मकैबारीमा फलिन्थ्यो, लुतो फाल्दा दुःख कष्ट आइ नलाग्ने, बालीनाली र वस्तुभाउलाई राम्रो हुन्छ, अहिले त कसले लुतो फाल्ने ?", उहाँले भन्नुभयो । पुनले हालसम्म आफूले लुतो फाल्दै आएको भन्दै सन्तानले यो चलन गर्ने हुन् कि होइनन् भन्ने चिन्ता लागेको बताउनुभयो । उहाँले लुतो फाल्ने विधि कसैले सिक्न चासो नदिएकाले यो प्रचलन हराउँदै जाने चिन्ता थप बढेको बताउनुभयो ।

स्थानीय प्रेम बुढा मगरले असारमा किसानले बारीमा रुज्दैँभिज्दैँ खेतीपाती गर्ने र त्यस क्रममा हिलोका कारण फैलिन सक्ने छालाको रोगबाट मुक्ति पाउन साउने सङ्क्रान्तिका दिन तुलो फाल्ने चलन बसेको बताउनुभयो । आज साँझ लुतो, दादलगायत रोगबाट मुक्ति मिल्छ भनेर बाउबाजेले लुतो फाल्ने गरे पनि अहिले त्यो चलन हराउँदै गएको उहाँको भनाइ थियो । "हामी सानो हुँदा बाउबाजेले विभिन्न विधि/पद्धति अपनाएर लुतो फाल्ने गर्नुहुन्थ्यो, तर अहिले उहाँहरु हुनुहुन्न, उहाँहरुसँगै विस्तारै लुतो फाल्ने प्रचलन पनि हरायो", मगरले भन्नुभयो, "हामीले पहिला सिकेनौँ अहिले केकसरी लुतो फाल्ने केही थाहा छैन ।" गाउँघरमा लुतो फाल्ने प्रचलन कम भए पनि साउन महिनालाई महिलाले विशेष रुपमा मनाउन थालेका छन् । साउने सङ्क्रान्तिका दिनदेखि एक महिना सौभाग्यको प्रतीक हरियो चुरा र मेहेन्दी लगाउनुका साथै भगवान शिवलाई प्रसन्न पार्न सोमबारे व्रत बस्ने गर्दछन् । व्रत बस्ने, हरियो चुरा र मेहेन्दी लगाउने प्रचलन भने बढेसँगै यसले विकृतिसमेत भित्र्याएको बुढापाको गुनासो छ ।

# पर्यावरणमैत्री स्याङ्जा बनाउन बृक्षारोपण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ साउन

स्याङ्जा जिल्लालाई पर्यावरणमैत्री स्याङ्जा बनाउन बृक्षारोपण अभियान शुरु गरिएको छ ।

स्याङ्जाको पर्यावरणमा समस्या देखिएको अनुभुती पाएपछि राष्ट्रिय संकल्प अभियानका अभियान्ताहरुले बृक्षारोपण अभियान शुरु गरेका हुन् । 'बृक्षा रोपण गरौ, पानीको मुल जोगाऔं', 'हामी सबै बाचौं र सबै प्रणाली बचाऔं' भन्ने मुल नाराका साथ नयाँ आर्थिक बर्षको शुभारम्भ सगै राष्ट्रिय संकल्प अभियानले बृक्षारोपण कार्यक्रम अगाडी बढाएको हो । देशका विभिन्न जिल्लामा यो अभियान शुरु गरिने भएपनि पहिला स्याङ्जा जिल्लाभरी बृक्षारोपण गरिसकेपछि मात्रै अन्य जिल्लामा बृक्षारोपण अभियान शुरु गरिने आयोजकले जनाएका छन् । पर्यावरण विग्रेका कारण खानेपानीका मुहान सुक्ने, बाढीपहिरो बढेको र बाँदर आतङ्कले गाउँबस्ती बसाई सर्न बाध्य भएको जस्ता कठिनाई मानवले भोग्न परेकाले बृक्षारोपण अभियान शुरु गरिएको अभियान्ता दुर्गादत्त भुसालले जानकारी दिए । उनका अनुसार स्याङ्जाका ९७ ओटै वडामा माटो अनुसारको १ लाख भन्दा बढी बिरुवा बृक्षारोपण गरिने बताए । जंगल बढेपनि पर्यावरणमैत्री रुखबिरुवा नहुँदा प्रकृतिले पनि मानवलाई दुःख दिएको अभियान्ता भुसालको दावी छ । जंगलमा खानेकुरा नहुँदा बाँदरहरु बस्तीमा आउन थाले उनले भने,'बाँदरलाई नियन्त्रणगर्न हरेक जंगल र छाडिएका पाखाबारीमा फलफुलका बिरुवा लगाउने छौं ।' जसले गर्दा केही हदसम्म बाँदरहरु बस्तीमा आउन रोकिने छ उनले भने । भुसालको नेतृत्वमा जिल्लाकै एतिहासिक धार्मिक स्थल छायाँक्षेत्र मन्दिर परिसरमा बृक्षारोपण गरेर यो अभियानको शुरुवात गरेका छन् ।

# कक्षा ११ मा भर्ना : भविष्यको योजना बनाएर विषय रोज्ने कि लहडमा ?

**–प्रकाश सिलवाल**
काठमाडौं, १ साउन (रासस)

माध्यमिक शिक्षा परीक्षा (एसइई) को परीक्षाफल प्रकाशनसँगै कक्षा ११ मा भर्नाका लागि विद्यार्थी र अभिभावक कुन विषय कहाँ पढ्ने भनेर भौँतारिरहेका छन् । कक्षा ११ र १२ अध्यायन हुने अधिकांश शिक्षालयमा प्रवेश परीक्षाको प्रबन्ध गरिएकाले विद्यार्थी एकभन्दा धेरै विद्यालयमा परीक्षा दिन व्यस्त भएका छन् । उनीहरुले प्राप्त स्तरीकृत अङ्कका आधारमा कुन शिक्षालयमा छात्रवृत्ति वा कति शुल्क छुट पाइन्छ भनेर चासोपूर्वक बुझिरहेका छन् ।

कतिपय ठूला भनिएका निजी क्षेत्रका कलेजसमेतले कक्षा ११ मा भर्ना प्रक्रिया लगभग पूरा गरिसकेका छन् । परीक्षाको वार्षिक कार्यतालिका अनुसार भर्नाको राष्ट्रिय क्यालेन्डर लागू नहुँदा विद्यार्थी र अभिभावकमा एक प्रकारको अन्योल देखिएको छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले यसको समग्र व्यवस्थापनका लागि केन्द्रीय शैक्षिक निकाय र सम्बन्धित स्थानीय तहले समन्वय गर्नुपर्नेमा आफूहरुले स्मरण गराएको बताउनुभयो । बोर्डले स्तरीकृत परीक्षाका लागि जोड दिँदै आएको छ । काठमाडौं महानगरपालिकाले एसइईको नतिजा प्रकाशन भएको १५ दिनसम्म भर्नाका लागि समय दिन सार्वजनिक सूचना गरेको छ भने छात्रवृत्तिका लागि परीक्षा आफैँले लिने तयारी गरेको छ । महानगरपालिकाभित्र सञ्चालित संस्थागत शिक्षण संस्थामा शैक्षिकसत्र २०८०/८१ मा छात्रवृत्तिमा पढ्न चाहनेले यही असार २८ गतेदेखि साउन १२ गतेसम्म अनलाइन आवेदन फाराम भर्न सूचनामा भनिएको छ । छात्रवृत्तिका लागि आगामी साउन २० गते परीक्षा सञ्चालन हुनेछ । महानगरपालिकाले कक्षा ११ मा निजी (संस्थागत) विद्यालयले लिने शुल्कको विवरण भर्नाअगावै उपलब्ध गराई स्वीकृत गराउन पनि निर्देशन दिएको छ । मुलुकका अधिकांश स्थानीय तहले भने व्यवस्थितरुपमा कक्षा ११ र १२ को शिक्षाबारे अनुगमन र निर्देशनमा ध्यान दिन सकेका छैनन् ।

कक्षा ११ मा भर्नाका लागि माध्यमिक शिक्षा परीक्षा, कक्षा १० को अध्ययन पूरा गरी एसइईको परीक्षाफलमा न्यूनतम् औसत ग्रेड प्वाइन्ट (जिपिए) का एक दशमलव छ अङ्क प्राप्त गरेका विद्यार्थी योग्य हुनेछन् । यसका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७९ भदौ १९ को बैठकको निर्णयअनुसार सानोठिमीस्थित पाठ्यक्रम विकास केन्द्रले गरेको पत्राचारका आधारमा राष्ट्रिय परीक्षा बोर्डले सोबारे सूचित गराइसकेको छ । पद्मोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद गौतमले आफ्नो विद्यालयमा कक्षा ११ मा विज्ञान विषय पढ्न ८० विद्यार्थीको कोटा रहेकामा पहिलो चरणमा यही साउन ३ गते प्रवेश परीक्षा लिइने र कोटा पूरा नभए अर्को परीक्षा लिइने जानकारी दिनुभयो । पर्याप्त प्रयोगशाला अभावकाका कारण विद्यालयले विद्यार्थीको कोटा बढाउन सकेको छैन । विद्यार्थीले विषय र शिक्षालय रोज्दा साथीसाथीको लहैलहैमा लागेर नभई भोलिको आफ्ना योजना के छ, त्यसलाई पूरा गर्न कहाँ सहज हुन्छ भन्ने आधारमा विद्यालय छान्न उहाँले सुझाव दिनुभयो ।

जेभियर इन्टरनेशनल स्कुलका प्रबन्ध निर्देशक लोकबहादुर भण्डारीले विद्यार्थीले सुनेको सूचनाका आधारमा मात्र नभई आफैँले सामाजिक सञ्जालबाट अध्ययन र स्थलगत अवलोकन गरेर शिक्षालयको गुणस्तर, उचित वातावरण, शिक्षण प्रक्रियाको टुल्स, अन्तर्राष्ट्रियस्तर आदि हेरेर विषय र विद्यालय रोज्ने गरेको पाइएको बताउनुभयो । जिपिए ४ ल्याउने कतिपय विद्यालय आफ्नो कलेजमा भर्नाका लागि आएको उल्लेख गर्दै उहाँले निजी शिक्षालयबीच हुने स्वच्छ प्रतिस्पर्धालाई सबैले स्वीकार्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली उपभोक्ता महासङ्घका प्रवक्ता लुमडी कार्कीले उस्तै विषय उस्तै शिक्षालयमा पढ्न कतै वर्षमा रु ५० हजार भए हुने र कतै रु पाँच लाखसम्म लाग्ने स्थिति देखिएकाले यसबारे आफूहरुले स्थलगत अध्ययन गरी प्रतिवेदन ल्याउने तयारी गरेको जानकारी दिनुभयो । उहाँले उपभोक्तालाई हुने यस प्रकारको भ्रम चिर्न र ठगी रोक्न कानुनी उपचारमा जान आफूहरु बाध्य हुने बताउनुभयो । हाल कक्षा ११ र १२ मा सामुदायिक तीन हजार छ सय ८६, निजी एक हजार एक सय ३२ र धार्मिक २८ गरी चार हजार आठ सय ४६ विद्यालय छन् । शिक्षा तथा मानवस्रोत केन्द्रका अनुसार शैक्षिकसत्र २०७९ मा कक्षा ९ देखि १२ सम्ममा ७५ दशमलव चार प्रतिशत खुद भर्नादर रहेको छ भने कक्षा १२ सम्मको टिकाउ दर ३५ दशमलव छ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७९/८० को फागुनसम्मको अवधिमा कूल सात हजार नौ सय ३७ ले वैदेशिक अध्ययनका लागि अनुमतिपत्र लिएको आँकडा छ ।

बोर्डका अनुसार यस वर्ष जिपिए शून्य दशमलव ८० देखि एक दशमलव २० ग्रेडमा २२ हजार विद्यार्थी अर्थात् शून्य दशमलव ४५ प्रतिशत र जिपिए एक दशमलव २० देखि एक दशमलव ६० सम्ममा ३८ हजार सात सय ७७ अर्थात् सात दशमलव ९९ प्रतिशत छन् । उनीहरुले ग्रेडवृद्धिको परीक्षामा नतिजा नसुधारेसम्म कक्षा ११ मा भर्ना पाउँदैनन् ।

बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई), २०७९ मा सहभागी विद्यार्थीले प्राप्त ग्रेडमा चित्त नबुझेमा पुनर्योगका लागि आगामी साउन ५ गतेसम्म आवेदन दिन सूचना प्रकाशन गरेको छ । साधारण र प्राविधकतर्फ नियमित तथा ग्रेडवृद्धि परीक्षामा सहभागी विद्यार्थीले तोकिएको ढाँचा र प्रक्रियाबमोजिम पुनर्योग गराउन आवेदन दिन सक्नेछन् ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः १९८७/०१/१२ गते

स्व. देवी प्रसाद पोखेल

स्वर्गारोहणः २०८०/०३/२१ गते

यस चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्च कास्कीका आजिवन सदस्य कमला लम्साल पोखे्रलको ससुराबुबा हाल पोखरा–७, राधाकृष्ण मार्ग कृष्णटोल निवासी **देवी प्रसाद पोखेलको** ९४ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**बुद्धिराम लम्साल**
**अध्यक्ष तथा**
**चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्च कास्की परिवार**